अनुसूची-२०
(नियम ५७ को खण्ड (ञ) संग सम्बन्धित)

# कैलाली जिल्ला अदालत,धनगढी

# लिलाम बढाबढको सूचना

जिल्ला कैलाली टिकापुर न.पा. वडा नं. १ बस्ने कृष्टिना वम र प्रतिबादी ऐ ऐ बस्ने सुजाता चन्द भएको चेक अनादर मुद्दामा, कैलाली जिल्ला अदालतको मिति २०७५।६।१४ को र उच्च अदात दिपायलको मिति २०७६।४।२१ को अन्तिम फैसला बमोजिम बादीले प्रतिबादीबाट रकम रु.११,००,०००।- एघार लाख रुपैयाँ र सो साँवा रकमको चेक जारी भएको मिति देखि भरीभराउ मिति अर्थात डाँक लिलाम सुचना जारी भएको अन्तिम दिन सम्मको कुल सावा ब्याज रकम रु.१८,५१,६६७।-प्रतिबादीले बादीलाई नबुझाएकोले बादीले प्रतिबादीका ससुरा स्व अम्मरबहादुर बमका नामको तपसिलमा उल्लेखित जग्गाबाट भरिपाउने बिगो तपसिल बमोजिमको सम्पत्तिबाट भराई पाउँ भनी जाहेरवालाको निवेदन परी कारवाही हुंदा उक्त सम्पत्ति पहिलो पटक मिति २०८१/०७/४ गते दिनको १२:०० बजे देखि २:०० बजेसम्म यस अदालतमा डाँक लिलाम हुने भएकोले डाँक बढाबढ गरी डाँक लिलाम सकार गर्न चाहने सर्वसाधारण सबैको जानकारीको निमित्त यो सूचना प्रकाशित गरिएको ब्यहोरा सुचित गरिन्छ।

तपसिल

१) यस अदालतको तहसिल शाखामा मिति २०८१/०७/४ गते दिनको १०:०० बजेदेखि दिनको १२:०० बजेसम्म निवेदन दर्ता गरी १२:०० बजेदेखि दिनको २:०० डाँक लिलाम बढाबढ हुने भएकोले उक्त डाँक लिलाममा उपस्थित भई बोलकवोल गर्न सकिनेछ।

२) डाँक लिलाम गर्न तोकिएको दिन सार्वजनिक बिदा परे सोको भोलिपल्ट डाँक लिलाम हुनेछ।

३) कायम भएको न्यूनतम पञ्चकृते मूल्यबाट डाँक बढाबढ गर्नुपर्नेछ।

४) डाँक लिलामको बखत बोलकवोल गरेको अंकको १० प्रतिशतले हुन आउने रकम सोही दिन दाखिला गर्नुपर्नेछ। बाँकी बोलकबोल रकम डाँक लिलाम भएको मितिले सात दिनभित्र दाखिला गर्नु पर्नेछ। त्यसरी सात दिनभित्र बाँकी रकम दाखिला नगरे डाँक लिलाम भएको दिन दाखिल भएको १० प्रतिशत रकम जफत गरी पुनः डाँक लिलामको सूचना प्रकाशित गरिनेछ।

५) डाँक लिलाम बढाबढ हुंदा सबैभन्दा बढी अंक बोलकवोल गर्नेलाई डाँक सकार गराईनेछ।

६) डाँक लिलाम सम्बन्धमा बुझ्नुपर्ने भए यस अदालतको तहसिल शाखामा सम्पर्क राख्नु होला।

७) डाँक लिलाम हुने सम्पत्तिको बिवरणः-

| जग्गाधनिको नामथर | जिल्ला | ठेगाना | कित्ता नं. | क्षेत्रफल (ब.मि) | तर्फ | डाँक बोल्नुपर्ने न्यूनतम् मूल्य |
|---|---|---|---|---|---|---|
| अमर बहादुर स्वार | कैलाली | टिकापुर न.पा. वडा नं. ९ ख | ६३ | २४०८.७५ मध्ये बाट ६४३.२६ | | १८,५१,६६७।--(अठार लाख एकान्न हजार छ सय सतसठी रुपैयाँ मात्र ) |
| | | | | | | जम्मा ४,८९,२९०।६७ |

ईति सम्बत् २०८१ साल भदौ २६ गते रोज ४ मा शुभम्---------------------------।